कटारी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
कटारी, उदयपुर

## आन्तरिक आय तर्फको शिलबन्दी दरभाउ पत्र आह्वानको सूचना

**तेस्रो पटक प्रकाशित मितिः- २०८२/०८/१२**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११घ(६), कोशी प्रदेश सरकारको आर्थिक ऐन,२०८१ को दफा ७ को उपदफा (१) सँग सम्बन्धित अनुसूची- ६ मा व्यवस्था भएको दर रेट, सार्वजनिक खरीद ऐन,२०६३ तथा नियमावली-२०६४, र कटारी नगरपालिकाको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन ब्यबस्था भएअनुसार देहाय बमोजिम आन्तरिक आय संकलनको लागि कटारी नगरपालिका क्षेत्र भित्र पर्ने नदी तथा खोलाको ढुङ्गा, गिटी तथा बलुवा उत्खनन्, संकलन तथा विक्री गर्ने कार्य ठेक्काबाट तपशिलक बमोजिमका खण्डका न्युनतम अंकमा नघट्ने गरी आ.ब.२०८२/०८३ को ठेक्का बन्दोबस्त गर्न शिलबन्दी दरभाउ पत्र आह्वानको ७ दिने सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिबाट तोकिएको म्यादभित्र कानूनी प्रकृया पूरा गरेका ठेक्का, लिन ईच्छुक योग्य फर्महरुले तोकिएका शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउ पत्र खरीद गरी निर्धारित मिति र समय भित्र शिलबन्दी दरभाउ पत्र पेश गर्नुहुन अनुरोध गरिन्छ।

**ठेक्का विवरणः-**

| क्र. सं | ठेक्का विवरण | ठेक्का नं. | परिमाण घ.मि. | न्युनतम बिक्रि मूल्य (मु.अ.क. बाहेक) | शिलबन्दी दरभाउ पत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | नागढुंगा क बगर क्षेत्र (तावा खोला), वडा नं. ७ को नदीजन्य पदार्थ बिक्री ठेक्का | KMUN/IR/SQ/04/082/83 | २,०१६ | ४,९८,३६१ /- | १,००० /- |
| २ | नागढुंगा ख बगर क्षेत्र (तावा खोला), वडा नं. ७ को नदीजन्य पदार्थ बिक्री ठेक्का | KMUN/IR/SQ/05/082/83 | ३,१६४ | ७,८२,१४० /- | १,००० /- |
| ३ | कालीखांडी दोभान क्षेत्र (तावा खोला), वडा नं. ५ को नदीजन्य पदार्थ बिक्री ठेक्का | KMUN/IR/SQ/06/082/83 | ३,१३७.४० | ७,७५,५७५ /- | १,००० /- |
| ४ | स्मृति वाटिका क्षेत्र (ककुर खोला), वडा नं. ४ को नदीजन्य पदार्थ बिक्री ठेक्का | KMUN/IR/SQ/07/082/83 | ६,३९१.८० | १५,८०,०७२ /- | १,००० /- |
| ५ | हडैया खोला क्षेत्र, वडा नं. ३ को नदीजन्य पदार्थ बिक्री ठेक्का | KMUN/IR/SQ/08/082/83 | २,५३५.३० | ६,२६,७३४ /- | १,००० /- |
| ६ | भुन्टे चौर कमला नदी बगर क्षेत्र क, वडा नं. २ को नदीजन्य पदार्थ बिक्री ठेक्का | KMUN/IR/SQ/09/082/83 | ६,७२० | १६,६१,२०४ /- | १,००० /- |
| ७ | भुन्टे चौर कमला नदी बगर क्षेत्र ख, वडा नं. २ को नदीजन्य पदार्थ बिक्री ठेक्का | KMUN/IR/SQ/10/082/83 | ६,४९६ | १६,०५,८३० /- | १,००० /- |
| ८ | मझुवा बगर क्षेत्र क (कमला नदी), वडा नं. २ को नदीजन्य पदार्थ बिक्री ठेक्का | KMUN/IR/SQ/11/082/83 | २,८८० | ७११,९४५ /- | १,००० /- |
| ९ | मझुवा बगर क्षेत्र ख (कमला नदी), वडा नं. २ को नदीजन्य पदार्थ बिक्री ठेक्का | KMUN/IR/SQ/12/082/83 | ३,४२० | ८,४५,४३४ /- | १,००० /- |

शिलबन्दी दरभाउ पत्र खरिद गर्नु पर्ने अन्तिम मितिः **२०८२/०८/१८,** कार्यालय समयभित्र
शिलबन्दी दरभाउ पत्रदाताले शिलबन्दी दरभाउ पत्र पेश गर्नु पर्ने अन्तिम मितिः **२०८२/०८/१९, दिनको १२:०० भित्र**
शिलबन्दी दरभाउ पत्र खोल्ने मिति : **२०८२/०८/१९, दिनको ०१:००**
धरौटी रकमः मु.अ.कर सहितको कुल कबोल अङ्कको ५%ले हुन आउने रकम वा ७५ दिनको बैङ्क जमानत

**शिलबन्दी दरभाउ पत्र खरिदको लागि**

बैंकको नाम: राष्ट्रिय वाणिज्य बैंक, कटारी शाखा
कार्यालयको नाम: कटारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कटारी
बैंक खाता नम्बर: २०५०१००३०१०१०००२ (शिलबन्दी दरभाउ पत्र खरिदको लागि)
राजस्व शीर्षक नम्बर: १४२२९

**शिलबन्दी दरभाउ जमानतको लागि:**

बैंक खाता नम्बर: २०५०१००३०३००००२
अफिस कोड: १३-३६५-११

थप जानकारीको लागि कटारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्नुहोला अथवा PPMO को www.bolpatra.gov.np/egp मा हेर्नुहोला।

**प्रमुख प्रशासकीय अधिकृत**

## नेकपा...

समाजवादी, नेकपा चिरन सी समूहलगायतका घटकहरूको देखिने गरी सन्देश सभामा सहभागी हुनेछौँ । जिल्लामा एकता भेला आगामी २० मंसिरमा हुनेछ ।'

प्रदेशस्तरीय सन्देश सभाको तयारी बैठकमा नेकपा केन्द्रीय सदस्य बलदेव चौधरीले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको कारण जेन–जी आन्दोलन भएको आरोप लगाए । उनले नयाँ सोच, नयाँ विचार, नयाँ संकल्पका साथ कम्युनिस्टबिच ध्रुवीकरण भई नयाँ नेपाली कम्युनिस्ट पार्टीको निर्माण भएको बताए । उनले भने, 'हाल जेन–जी आन्दोलनको मुद्दा नेपाली कम्युनिस्ट पार्टीको हो । अब देशलाई नयाँ दिशामा लैजानुपर्छ ।'

यसैगरी, बैठकमा नेकपा केन्द्रीय सदस्य हरिबोल गजुरेलले हरेक आन्दोलनपछि नयाँ ध्रुवीकरण हुने र जेन–जी आन्दोलनपछि कम्युनिस्ट पार्टीहरूबिच एकता भएको बताए । उनले भने, '२०४६ सालको आन्दोलनपछि कम्युनिस्टबिच ध्रुवीकरण भएको थियो । त्यसपछि एउटा कम्युनिस्ट समूहले देशमा गणतन्त्र ल्यायो । अर्कोले सत्ताको नेतृत्व गरेर जनतालाई कम्युनिस्ट सरकारप्रति आकर्षण गरेको इतिहास छ । अहिलेको जेन–जी आन्दोलनपछि पनि कम्युनिस्टबिच एकता भएको छ ।'

एकतापछि उदयपुरमा भएको सबै दलको संयुक्त बैठक पहिलोपटक बसेको हो ।

## कटारी...

झल्काउनु पर्नेछ । जातीय–साम्प्रदायिक द्वेष वा राष्ट्रिय अखण्डतामा आँच पुग्ने शब्द प्रयोग गरिएमा रचना अयोग्य ठहरिनेछ ।

रचनासँगै रचनाकारको नाम–ठेगाना, सम्पर्क नम्बर, नागरिकताको प्रमाणित प्रतिलिपि र प्रयोग भएका शब्दको संक्षिप्त व्याख्या अनिवार्य पेश गर्नुपर्नेछ ।

छनोट हुने एक उत्कृष्ट रचनालाई नगरपालिकाले ४० हजार रूपैयाँ (कर कट्टीपछि) पुरस्कार प्रदान गर्नेछ । छनोट भएको रचनाको सर्वाधिकार नगरपालिकामा रहनेछ भने एआई वा नवीन प्रविधिबाट तयार पारिएको पाइएमा जुनसुकै बेला अयोग्य घोषित गरिनेछ ।

नगर गान छनोटको अन्तिम अधिकार विषय विज्ञहरु सम्मिलित छनोट समितिमा निहित रहने र आवश्यक परे समितिले रचनामा परिमार्जन गर्न सक्ने जनाइएको छ । कुनै रचना छनोट नभए पुनः सूचना प्रकाशन गरिनेछ ।

"सुन्दर कटारी नगरको पहिचानः सुशासन र समृद्धि हाम्रो अभियान" नारालाई आत्मसात् गर्दै कटारीले आफ्नो मौलिक पहिचान बोकेको नगर गान बनाउने तयारी थालेको हो ।



















